# पिँजराको सुगा कविताको सिर्जनात्मक हेतु

अनिल अधिकारी
उपप्राध्यापक, नेपाली
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
Email: aniladhikaribhojpur@gmail.com
केशवप्रसाद अधिकारी
नेपाली शिक्षक
आदर्श माध्यमिक विद्यालय, विराटनगर
Email: adhikarikashev024@gmail.com

**Submission:** 25/02/2023 **Revision:** 21/03/2023 **Acceptance:** 10/04/2023

**लेखसार**

प्रस्तुत लेख पिँजराको सुगा कविताको सिर्जनात्मक हेतु मूल समस्यामा केन्द्रित रहेको छ । मूलशोधसमस्याको समाधानका लागि प्रतिभापरक सृर्जनात्मक हेतुको अवस्था, व्युत्पत्ति र अभ्यासपरक सृजनात्मक हेतुका लागि अलग्गै शोध्यप्रश्न निर्धारण गरिएको छ । पुस्तकालयीय कार्यसम्बद्ध प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्री उपयोग भएको यस लेखको पूर्णताका लागि गुणात्मक अनुसन्धान ढाँचा, विश्लेषणविधि तथा सैद्धान्तिक पर्याधारका रूपमा पूर्वीय काव्यचिन्तनअन्तर्गतको सिर्जनात्मक हेतु विषयक सिद्धान्त उपयोग भएको छ । साहित्य सृजनाका लागि स्रस्टा, सृजनात्मक ज्ञान र निरन्तर सृजनात्मक अभिवृत्तिलाई प्रतिभा, व्युत्पत्ति र अभ्यास पूर्वीय काव्यचिन्तनमा मूल्याङ्कनका प्रतिमानका रहेका छन् । स्रस्टा र सृजनाको कारकलाई परस्परमा जोड्ने विषयका रूपमा काव्यहेतुलाई सिद्धान्ततः मानव मानसिकतामा अवशिष्ट प्राकृत द्वन्द्वात्मक विचारको स्फूरण वा कल्पना तत्त्वलाई समन्वय गरी सम्यक र सन्तुलित रूपमा संयोजन गरी अभिव्यञ्जना गर्नसक्ने स्रष्टाको वस्तुजगत विषयक बृहत् अध्ययन, लोकपर्यवेक्षण र साहित्याध्ययनबाट प्राप्त ज्ञानलाई अभ्यासको निरन्तर शृङ्खलासँग जोडिने स्फूरण, ज्ञान र साधनाको त्रिपक्षीय अन्वयका रूपमा संश्लेषण गर्न सकिन्छ । उपर्युक्त सैद्धान्तिक प्राप्तिका अन्तर्यमा पिँजराको सुगा कवितालाई विश्लेषण र मूल्याङ्कन गर्दा लेखनाथमा अन्य हेतुका तुलनामा प्रतिभाको स्थान उच्च र सहजात रहेको छ । यही सहजात प्रतिभाका कारण प्रस्तुत कविता सामाजिक, मनोवैज्ञानिक, राजनीतिक र विश्वपरिवेशसमेतलाई संश्लेषण गरी भावगत द्वन्द्वात्मकताअन्तर्गत आएका अनेकौं विषयलाई अत्यन्त सम्यक र सन्तुलित ढाँचामा प्रस्तुत गरी अति सामान्यदेखि बौद्धिक पाठकसमेतका लागि ग्राह्य, पठनीय तथा समालोचक अनुसन्धानकर्ताका लागि विश्लेषणीय सामग्री बन्न पुगेको छ । नेपाली समाजको राजनीतिक र सामाजिक व्यवस्थालाई एउटा विशेषणमा सीमित गरी त्यसकै केन्द्रविन्दुमा राखेर प्रस्तुत गर्ने चातुर्यपूर्ण कलाका लागि लोकपर्यवेक्षणको गहन अनुभवलाई काव्यिक बुनोट प्रदान गर्ने कविमा अभ्यासको भूमिका पूर्वापर दुई हेतुकै समानान्तर सशक्त रहेको छ । कविकल्पना शक्ति, ज्ञान र अनुभवबाट प्राप्त सामग्रीलाई सहज तथा चातुर्यपूर्ण रूपमा सिर्जनाका माध्यमबाट अवतरण गराउनका लागि कविको सिर्जनाप्रतिको निष्ठा र दीर्घसाधनाबाट मात्र संभव हुने विषयको सशक्त प्रमाणको रूपमा प्रस्तुत कविता रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* प्रतिभा, व्युत्पत्ति, अभ्यास, प्राकृत स्फूरण, लोकपर्यवेक्षण

**१ विषयपरिचय**

पूर्वीय काव्यचिन्तनमा साहित्यिक कृतिको कृति र कृतिकारको अन्तरसम्बन्ध तथा कृति लेखनका कारक र प्रेरकका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने सिर्जनात्मक हेतु विषयक सिद्धान्त रहेको छ । पूर्वीय काव्यचिन्तनमा साहित्यलाई मूल्यनिर्णयात्मक र अन्य तत्वको अन्तर्सम्बन्धका आधारमा गुणस्तरमापन गर्ने स्थापित सिद्धान्तका रूपमा यसले आफ्नो स्थान बनाएको छ । सिर्जनात्मक हेतुविषयक सिद्धान्तका आधारभूत प्रस्थापन निर्माणमा मम्मट, रुद्रट र जयदेवको योगदान रहेको छ । यसका स्वीकृत प्रतिमानमा प्रतिभा/निपुणता, व्युत्पत्ति र अभ्यास रहेका छन् । सृजनाको कारकका रूपमा रहेको सिर्जनात्मक हेतुका आधारमा सबै साहित्यिक कृति र तिनको मूल्यनिर्णयात्मक अध्ययन गर्न सकिने सिद्धान्तका आधारमा लेखनाथ पौडचालको *पिँजराको सुगा* कवितालाई आधार सामग्रीका रूपमा लिई सिर्जनात्मक हेतुका सैद्धान्तिक प्रतिमानका आधारमा विश्लेषणीय सामग्री रहेको छ । गरिएको छ । नेपाली कवितालाई आधुनिकता प्रदान गर्ने लेखनाथ पौडचाल (१९४१–२०२२) कविताका विभिन्न उपविधा र नाटक सृजनामा सफल रहेका छन् । सृजनविधामा पौडचालका *लालित्य भाग-१* (१९७९), *लालित्य भाग -२* (२०२२), *कविशिरोमणि लेखनाथ पौड्चालका प्रतिनिधि कविता* (२०४१) र *लेखनाथका प्रमुख कविता* (२०४६) कवितासङ्ग्रह प्रकाशित रहेका छन् । यसका अतिरिक्त प्रबन्धात्मक काव्यका रूपमा *शोकप्रवाह* (१९७०), *ऋतुविचार* (१९७३/९१), *बुद्धिविनोद* (१९७३), *मेरो राम* (२०११) आदि खण्डकाव्यका साथै *तरुण तपसी* (२०१०) नव्यकाव्य प्रकाशित रहेका छन् । प्रस्तुत कविता माध्यमिककालीन शृङ्गारिक भावधारा उत्कर्षतर्फ अभिमुख हुँदै गरेको समय १९७३ सालमा रचना गरिएको हो ।

साहित्यको सौन्दर्यशास्त्रीय परम्परामा स्रष्टा र सृजनाबीचको सम्बन्धका आधारमा सृजनाको कारक निर्धारण गर्ने मूल्यनिर्णयात्मक सम्बन्धका पृष्ठभूमिमा सिर्जनात्मक हेतुको सैद्धान्तिक अवधारणा विकास भएको हो । साहित्यको सृजनात्मक हेतुका आधारमा कृतिको गुणवत्ता मापन गर्ने प्रतिमानको स्थापना पूर्वीय र पाश्चात्य काव्यचिन्तनमा समान रूपमा भएको छ । पूर्वीय काव्यचिन्तन परम्परामा सिर्जनात्मक हेतुको चर्चा आदि आचार्य भरत र पाश्चात्य चिन्तनमा प्लेटोबाट भएको पाइन्छ । पूर्वीय काव्यचिन्तनमा यसको सैद्धान्तिक विश्लेषणका लागि मम्मट, रुद्रट र जयदेवको भूमिका विशेष रहेको छ भने नेपाली अध्ययन परम्परामा रुद्रटको मान्यतालाई आधार मानी सिर्जनात्मक हेतुको विश्लेषण गर्ने परम्परा क्रियाशील रहेको छ । यस अध्ययनको सैद्धान्तिक प्रतिमान र विश्लेषणविधि तयार गर्ने प्रयोजनका लागि वासुदेव त्रिपाठीद्वारा लिखित विभिन्न सैद्धान्तिक र प्रायोगिक पुस्तक, सोमनाथ सिग्द्याल, हंसपुरे सुवेदी, मोहनहिमांशु थापा र नेत्र एटम आदि समालोचकका पुस्तक र समालोचनासङ्ग्रहमा प्रकाशित सैद्धान्तिक पक्षलाई पूर्वकार्यका रूपमा लिइएको छ । यी सैद्धान्तिक पूर्वकार्यको उपयोग यस *पिँजराको सुगा* कविताको सिर्जनात्मक हेतु अध्ययनको सैद्धान्तिक पर्याधार र विश्लेषण विधिको निर्माणका लागि गरिएको छ ।

**२. समस्याकथन**

आधुनिक नेपाली कविताको प्रवर्तन, उन्नयन र विकासका लागि विशेष योगदान दिएका पौडचाल परिष्कारवादी भावधाराका माध्यमबाट समाजलाई नीतिशिक्षा र समाज सुधारका सन्देश प्रस्तुत गर्ने स्रष्टाका रूपमा परिचित रहेका छन् । साहित्यको कविता र नाटक क्षेत्रमा योगदान पुऱ्याएका पौडचालका कृतिका विषयमा पाठ्यक्रमको परिपूर्तिको प्रयोजनका साथै प्राज्ञिक अनुसन्धान र स्वतन्त्र समालोचना भएका छन् । उनको कवित्व, कृतित्व, प्रवृत्ति, प्राप्ति, मूल्याङ्कन र विवेचना गर्ने सन्दर्भमा यिनका अधिकतर सृजनाको विवेचना भए पनि पूर्वीय काव्यचिन्तले निर्धारण गरेका कुनै साहित्यकेन्द्री प्रतिमान/तत्वलाई केन्द्रविन्दुमा राखी कृतिको विश्लेषण कम मात्रामा भएका छन् । यस अध्ययनमा पौडचालको *पिँजराको सुगा* कवितालाई प्राथमिक सामग्रीका रूपमा लिई यस कविताको सिर्जनात्मक हेतु मूल विषयलाई अनुसन्धेय समस्याका रूपमा लिई निम्नलिखित शोध्यप्रश्नको प्राज्ञिक उत्तरसहित निष्कर्ष निकालिएको छ :

क. कवितामा प्रतिभा सिर्जनात्मक हेतुको अवस्था केकस्तो रहेको छ ?

ख. कवितामा व्युत्पत्ति सिर्जनात्मक हेतु कसरी अभिव्यञ्जित भएको छ ?

ग. कवितामा अभ्यास सिर्जनात्मक हेतु किन प्रस्तुत भएको छ ?

उपर्युक्त शोधसमस्या र शोध्यप्रश्नको प्राज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य र सीमा हो ।

**३. अध्ययन र विश्लेषणविधि**

गुणात्मक अनुसन्धान अवलम्बन हुने यस लेखका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन भएको छ । यस लेखको सामग्रीको प्राथमिक स्रोतअन्तर्गत *पिँजराको सुगा* कविता हो भने । द्वितीयक स्रोतअन्तर्गत अध्ययनसम्बद्ध सैद्धान्तिक अवधारणा प्रयोग भएका सामग्री र कविताका विषयमा पूर्वाध्यायनसम्बद्ध सामग्री रहेका छन् । सामग्रीको विश्लेषणका लागि संस्कृत काव्यचिन्तनअन्तर्गतको सिर्जनात्मक हेतुको सैद्धान्तिक प्रतिमानलाई उपयोग गरिएको छ । यस लेखमा सामग्रीको विश्लेषण र अर्थापनका लागि विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

**३.१ सैद्धान्तिक आधार**

पूर्वीय काव्यचिन्तनमा साहित्य सृजनाका विषयमा भएका बृहत् चर्चा र विमर्शबाट साहित्य निर्मापक कारकका रूपमा साहित्य/काव्यहेतुको सैद्धान्तिक मापदण्ड निर्धारण भएको छ । पूर्वीय काव्यचिन्तनकै सापेक्षमा पाश्चात्य काव्य/साहित्य चिन्तनले पनि सृजना निर्मापक कारकको सैद्धान्तिक मापदण्ड निर्धारण गरेका छन् । साहित्य/काव्य हेतु भनेको मूलभूत रूपमा साहित्य सृजना गर्ने कारक नै हो जसले साहित्यकार, उसको मानसिकता, उसमा अवशिष्ट ज्ञान र उक्त ज्ञानको कलात्मक भाषिक सञ्चरणका लागि कसरी कलासौन्दर्य र भावसौन्दर्यको संयोजन गरेको छ भन्ने विषयमाथि प्रकाश पार्ने साहित्यिक कृतिको मूल्यनिर्णय गर्ने प्रतिमान हो । काव्यहेतुको विषयलाई लिएर पूर्वीय काव्यचिन्तनमा छुट्टै मत वा सम्प्रदायको स्थापना भई तिनका आधारमा काव्यको गुणात्मक मूल्य परख गर्ने मापदण्ड निर्धारण नगरिए पनि यो काव्य/साहित्यको साहित्यकारसँगको अन्तरसम्बन्ध स्थापित गरी के कारणले सृजनाले आकार वा विधात्मक स्वरूप प्राप्त गऱ्यो भन्ने विषयसम्बद्ध कारकको खोजी गर्ने सिद्धान्त रहेको छ । सृजनाको संरचना निर्मापक कारक र उक्त कारकलाई प्रतिफलित तुल्याउन भूमिका खेल्ने कारकको संयोजनलाई काव्यहेतुका रूपमा स्थान प्राप्त रहेको छ । पूर्वीय काव्यचिन्तनमा आदि आचार्य भरतदेखि नै काव्यहेतुको चर्चाले स्थान पाए पनि परवर्ती काव्यचिन्तक त्रय मम्मट, रुद्रट र जयदेवले स्थापना गरेका मान्यताले सृजनालाई स्रष्टासँग जोडी साहित्य क्षेत्रमा स्रष्टाको स्थान र उसको सृजनात्मक सामर्थ्यका आधारमा कृतिगत मूल्यको निरूपण र स्थान निर्धारण गर्ने प्रतिमानका रूपमा स्थान बनाएको छ ।

साहित्यहेतुका विषयमा काव्यचिन्तकत्रयले अघिसारेका काव्यहेतु विषयक सिद्धान्त र त्यसको व्यवहारिक विश्लेषण नै पूर्वीय काव्यचिन्तन र नेपाली समालोचना र अनुसन्धानका लागि स्वीकार्य रहेका छन् । संस्कृत काव्यचिन्तनमा साहित्य र साहित्यकारको मूल्यनिर्णयात्मक कसीका रूपमा रहेको काव्यहेतुका बारेमा वासुदेव त्रिपाठीको परिभाषा सन्तुलित, व्यवहारिक र पूर्णङ्गी रहेको छ । उनका अनुसार “प्रतिभाको बीजमाला निपुणताको माटोमा अभ्यासको पानी साथ कविता-लतामा परिणत हुन्छ भन्ने निष्कर्ष काव्य-हेतुबाट प्रकट हुन्छ” (त्रिपाठी, २०४५, पृ. ३८) । कव्यहेतुमा पहिलो स्थान प्रतिभालाई प्राप्त रहेको छ भने प्रतिभाका अन्तर्यमा व्युत्पत्ति र अभ्यासको भूमिकाले साश्वत् आकार ग्रहण गर्दछन् । प्रतिभा त्यस्तो विषय हो जो मान्छेको मानसिकतामा रहेका विविधतापूर्ण द्वन्द्वात्मक भावलाई ग्रहण गरी ती भावमा अवशिष्ट द्वन्द्वको गहन अन्तर्मन्थन गरी तिनका बीचबाट एक सशक्त र सम्यक भावको निर्माण गरी उत्कृष्ठ कलात्मक अभिव्यक्तिको निर्माण गर्ने व्यक्तिको सामर्थ्यका रूपमा बुभ्न सकिन्छ । “प्रतिभा कविमा कविमा काव्य स्फूरण हुने मुख्य कारण हो र यसलाई कविको नवोन्मेषशालिनी शक्ति अर्थात् नयाँ सिर्जना गर्ने शक्ति मानिन्छ” (एटम, २०७४, पृ. १५९) । प्रतिभाले सृजनात्मक हेतुको प्रमुख स्थान प्राप्त गर्नुमा यो सर्जकको मानसिक संरचना तथा त्यसमा स्फूरण हुने भाव र ती भावको

संयोजन मुख्य तत्त्वको स्थानका कारण सम्भव रहेको देखिन्छ। पाश्चात्य समालोचनाले प्रतिभालाई कल्पनाशक्तिको चरम द्वन्द्वात्मक परिणतिबाट प्राप्त हुने सन्तुलित विचारको प्रकटीकरणका रूपमा स्वीकार गरेको छ। "कल्पना मानवीय आत्माको त्यस्तो विशिष्ट अन्वितिकारी र संश्लेषणकारी शक्ति हो जसले मानवीय चेतनाका परस्पर विपरीत तत्त्वहरूलाई एकान्वित तथा संश्लिष्ट तुल्याई कलात्मक पुनःसृजन गर्दछ" (त्रिपाठी, २०३४, पृ. १८०)। मान्छेको मानसिकतामा रहने अन्तर्द्वन्द्वको तहमा आउने विविधतापूर्ण भाव/विचारलाई समन्वय गरी तिनका बीचबाट सम्यक र आह्लादपूर्ण भाव सम्प्रेषण गर्न सक्ने प्रज्ञा वा मेधालाई प्रतिभाको स्थान प्राप्त छ। बिना कल्पना साहित्यको सृजना नहुने तथा त्यसका लागि मानसिक संरचनामा अवशिष्ट एकअर्कामा विरोधी भावलाई नियन्त्रित, सन्तुलित समन्वयात्मक र क्रियाशील रूपमा प्रस्तुत गर्नसक्ने सामर्थ्य अवशिष्ट स्रष्टाबाट नै उच्चस्तरको कलात्मक अभिव्यक्ति हुनसक्ने भएकाले प्रतिभा बिना साहित्यको सृजना हुन नसक्ने देखिन्छ। कलात्मक र स्तरीय साहित्य सृजनाका लागि स्रष्टामा प्रतिभापरक स्फूरणको आवश्यकता अनिवार्य घटकक रूपमा रहेको विषय हो भने यसलाई थप सुरुचिपूर्ण, आह्लादकारी, कलात्मक र स्तरीय तुल्याउनका लागि व्युत्पत्ति र अभ्यास सहायक तत्त्वका रूपमा रहेका छन्।

पूर्वीय काव्यचिन्तनमा प्रतिभापछि स्वीकार्य काव्यहेतु व्युत्पत्ति रहेको छ। शब्दार्थका आधारमा व्युत्पत्ति भन्नाले व्यक्तिमा कुनै पनि विषयका बारेमा रहने संज्ञान, निपुणता, विद्वत्तासँगै कुशलतापूर्वक प्रस्तुत गरिने पाण्डित्य वा पाण्डित्यपूर्ण कलाको प्रदर्शन भन्ने बुझिन्छ। साहित्य र साहित्यकारको काव्यस्फूरणको विषयमा यस शब्दले स्रष्टाको प्रस्तुतिकलामा अवशिष्ट रहेको निपूणता र उसको ज्ञानबाट प्राप्त सामर्थ्यलाई बुझाएको छ। प्लेटोले पाश्चात्य साहित्य चिन्तनमा बुद्धि र स्फूर्ति सृजनाका प्रमुख काव्यहेतु रहने अवधारणा प्रस्तुत गरेका छन्। प्लेटोको स्फूर्ति प्रतिभासँग जोडिएको काव्यहेतु रहेको छ भने बुद्धि व्युत्पत्तिको निकटस्थ विषय रहेको छ। बुद्धितत्त्व जीवनजगत्का बारेमा गरिने सूक्ष्म अध्ययन भएकाले अध्ययनबाट प्राप्त ज्ञानलाई स्फूर्ति अर्थात् प्रतिभा तत्त्वसँग अन्वय गराइ प्रस्तुत गरिने कलात्मक भाषिक अभिव्यक्ति साहित्यका रूपमा प्रकट हुने गर्दछ। यसप्रकार पूर्वीय काव्यचिन्तनमा प्रस्तुत भएको व्युत्पत्तिकै रूपमा प्लेटोले स्थापना गरेको बुद्धिलाई परवर्ती एरिस्टोटल र उनीपछिका काव्यचिन्तकहरूले स्वीकार र अङ्गीकार गरेका छन्। प्रतिभाका रूपमा प्राप्त काल्पनिक स्फूरण शक्तिलाई कलात्मक स्वरूप वा आकार प्रदान गर्ने कलालाई व्युत्पत्ति मानिन्छ। "लोक, शास्त्र, भाषा, काव्य, कला आदिको पर्यवेक्षण-अवलोकन-अध्ययनबाट प्राप्त हुने विषयका रूपमा रहेको छ" (त्रिपाठी, २०६५, पृ. २१३)। सृजनात्मक प्रतिभासँगै स्रष्टाले सृजनात्मक उच्चताका लागि अनिवार्य रहने काव्यहेतु व्युत्पत्तिले साहित्यकारको ज्ञान र समाज पर्यवेक्षण गर्न सक्ने सामर्थ्य निर्माण गर्ने कारकलाई बुझाउँछ। साहित्यकारले आफूले अध्ययन गरेको विषयको प्रतिबिम्बन साहित्यमा पर्ने भएकाले विद्या आर्जनका क्रममा प्राप्त गरेको ज्ञान, उक्त ज्ञानका आधारमा गरेको समाजको पर्यवेक्षणका लागि स्रष्टाको ज्ञान काव्यहेतुका रूपमा रहने तथ्य अनिवार्य रहेको हो। समाज र संस्कृतिलाई कलात्मक भाषिक अभिव्यक्तिमा रूपान्तर गर्नका लागि पनि समाज, र संस्कृतिका साथै भाषा ज्ञान अनिवार्य घटकका रूपमा रहने गर्दछन्। सुवेदी (२०५४)ले आचार्य मम्मटको कथनलाई उद्धृत गर्दै लोकव्यवहार, शास्त्रज्ञान र काव्यादिको पर्यावलोकनबाट प्राप्त ज्ञान व्युत्पत्ति रहेको निष्कर्षमा पुगेका छन् (२०५४, पृ. २३६)। स्रष्टामा व्युत्पत्ति निर्माणका लागि स्रष्टा बाँचेको परिवेशमा रहेका साहित्यको अध्ययनबाट आफ्नो समयमा रहेका साहित्यिक प्राप्तिका सबलता, दुर्बलता प्रवृत्ति र सृजनात्मक भावप्रवाहको दिशाबोध गरी आफ्नो सम्प्रेषण कला र अभिव्यक्तिको स्तरलाई सशक्त तुल्याउनका लागि सहयोगी सिद्ध हुने देखिन्छ। कलात्मक भाषिक कथन वा उक्तिका रूपमा प्रस्तुत हुने संरचना साहित्यका रूपमा जगत्ले प्राप्त गर्ने गर्दछ। स्रष्टाको शिक्षा, लोकपर्यवेक्षणबाट प्राप्त ज्ञान र साहित्यको सुरुचिपूर्ण पठनसँगै प्राप्त ज्ञानले लोकमा अवशिष्ट रहेका परस्परमा विरोधी वा द्वन्द्वात्मक ज्ञानलाई स्फूरणको प्रातिभ भट्टीमा प्रशोधन गरी सुन्दर सृजनामा रूपान्तर हुने विषय रहेका छन्। यस अर्थमा उच्चतम

प्रकृतिको सृजनाका लागि प्रतिभाको निकटस्थ सहयोगी तत्त्व अझ भनौं अङ्गका रूपमा व्युत्पत्तिको स्थान रहने हुनाले प्रतिभा र व्युत्पत्ति परिपूरक काव्यहेतुका विषय रहेका छन् ।

पूर्वीय काव्यचिन्तनमा प्रतिभा र व्युत्पत्तिपछि निर्धारण गरिएको काव्यहेतु अभ्यास रहेको छ । शब्दार्थमा अभ्यासको तात्पर्य निरन्तरको साधना हो भने पूर्वीय काव्यचिन्तनमा स्रष्टा/साधकको सृजनात्मक लेखनको नियमित र पटकपटकको पुनर्लेखनबाट निर्माण गरिएको परिष्कृत रचनाका लागि प्रतिबद्ध कौशल भन्ने अर्थ पाउन सकिन्छ । निरन्तरको अभ्यासले स्रष्टामा निहित ज्ञान, निपुणता, विद्वत्तालाई संस्कारित गरी कल्पनातत्त्व वा प्रतिभामा पनि कौशल अभिवृद्धि गर्ने भएकाले यसको स्थान काव्यहेतुका तीन प्रतिमानसँगै जोडिएर आएको हो । साहित्यकारको काव्यस्फूरणलाई गुणस्तरीय तुल्याउने अभ्यास व्युत्पत्तिको बाटो हुँदै प्रतिभालाई परिष्करण गर्ने विषय रहेको छ । “प्रतिभा शक्ति र सबै ज्ञेय विषयको व्युत्पत्ति साथमा लिएर असल सज्जन कविको अनुरोधमा रही अहोरात्र काव्य-रचनामा लागिरहनु नै अभ्यास हो” (सिग्द्याल,२०२८, पृ. ९४) । अभ्यासले स्रष्टालाई सृजनात्मक अनुशासन र स्रष्टा धर्मलाई निर्देशित गर्ने भएकाले निरन्तरको साधनाबाट मात्र स्तरीय सृजना हुनसक्ने अभिवृत्तितर्फ अग्रसर तुल्याउने गर्दछ । साहित्य स्रष्टालाई अपरिमित व्यक्तित्व दिने विषय भएकाले स्रष्टाको निरन्तरको साधना र लेखन-पुनर्लेखनले स्रष्टाको व्यक्तित्व र ज्ञानलाई प्रकाशित गर्ने हुनाले अभ्यासको स्थान काव्य सृजनाको कारकका रूपमा रहने गर्दछ । “अभ्यासबाट नै प्रतिभा र व्युत्पत्तिको परिष्कार हुने हुनाले यो काव्य-कलामा प्रस्तुत हुने प्रौढता र परिपक्वताको आधारभूमि हो” (थापा, २०६६, पृ. ११) । निरन्तरको अभ्यासले स्रष्टालाई फरक ढङ्गले सोच्न र जीवनजगत्का बारेमा कल्पना गर्न मार्गदर्शन गर्नुका साथै स्रष्टाले प्राप्त गरेको ज्ञानलाई पुनर्मूल्याङ्कन गरी उच्चतम स्तरको सोच र कार्यतर्फ अग्रसर गराउने विषय रहेको छ । निरन्तरको अभ्यासले स्रष्टालाई वस्तजगत्को पर्यावलोकनका लागि अभिप्रेरित गर्ने तथा उक्त प्रेरणाका आधारमा स्रष्टाको स्फूरण कलामा आउने परिष्करणले द्वन्द्वात्मक विचारको समन्वयलाई थप सशक्त र शक्तिशाली तुल्याउने हुनाले यसको महत्त्व पनि कम शक्तिशाली रहेको छैन । पाश्चात्य साहित्यचिन्तनमा एरिस्टोटलले उनका पूर्ववर्ती प्लेटोले स्थापना गरेको बुद्धि र स्फूर्तिका स्थानमा बुद्धि अर्थात् प्रतिभा र अभ्यासलाई काव्यहेतुको स्थान दिएका छन् भने प्लेटोको स्फूतिलाई उनले अभ्यासकै अङ्गमा समावेश गरेका छन् । एरिस्टोटलभन्दा पछिका काव्यचिन्तकहरूको मतमा पनि उनकै विचारको निरन्तरता रहेको पाइन्छ । यस अर्थमा प्रतिभा व्युत्पत्ति र अभ्यासको त्रिपक्षीय संयोजन नै काव्यहेतु/सृजनात्मक हेतु रहने र यिनको पारस्परिक अन्वयबाट उच्चतम साहित्यको सृजना हुने हुनाले यो नै सृजनाको प्रमुख कारका रहेको छ । काव्यहेतुका रूपमा रहेका प्रतिभा, व्युत्पत्ति र अभ्यास विषयक यस सैद्धान्तिक विश्लेषणलाई **मानव मानसिकतामा अवशिष्ट प्राकृत द्वन्द्वात्मक विचारको स्फूरण वा कल्पना तत्त्वलाई समन्वय गरी सम्यक र सन्तुलित रूपमा संयोजन गरी अभिव्यञ्जना गर्नसक्ने स्रष्टाको वस्तुजगत विषयक बृहत् अध्ययन, लोकपर्यवेक्षण र साहित्याध्ययनबाट प्राप्त ज्ञानलाई अभ्यासको निरन्तर शृङ्खलासँग जोडिने स्फूरण, ज्ञान र साधनाको त्रिपक्षीय अन्वयलाई काव्यहेतु**का रूपमा संश्लेषण गर्न सकिन्छ ।

**४. सामग्री विश्लेषण : प्राप्ति र छलफल**

प्रस्तुत कविताको रचनासन्दर्भगत अवस्थालाई नियाल्दा नेपाली सामाजिक/साँस्कृतिक/राजनीतिक तथा विश्व परिवेशको सूक्ष्म र व्यञ्जनात्मक प्रस्तुति भएको रचनाका रूपमा आफ्नो स्थान बनाएको छ । नेपाली सामाजिक/राजनीतिक सन्दर्भलाई हेर्दा राणाशासकहरू मध्येका सबैभन्दा शिक्षित र तत्कालीन समयको म्याट्रिक उत्तीर्ण गरेका राणा प्रधानमन्त्री चन्द्रशमशेरको राजनीतिक शासन कालको मध्य समयमा यस कविताको सृजना भएको हो । नेपाली शैक्षिक सन्दर्भका आधारमा नियाल्दा नेपालमा आम नागरिकका लागि शिक्षाको घोषणा गर्ने देवशमशेरको जनतामुखी कार्यक्रमलाई निस्तेज तुल्याउन शासकीय सत्ता हातमा लिई पूर्व शासकलाई अपदस्त गर्ने चन्द्रशमशेरको भाइभारदार, आफन्त र आफू निकटका व्यक्तिका परिवारलाई शिक्षा दिने नीतिअनुरूप निर्माण गरिएका पाठचक्रममा समावेश गर्ने प्रयोजनका लागि लेखिएको कविताका रूपमा प्रथम पहिचान प्राप्त गरेको छ

। कविता रचनाको विश्व परिवेश र अन्तर्राष्ट्रिय सन्दर्भलाई नियाल्दा सन् १९१६ अर्थात् प्रथम विश्वयुद्ध (१९१४-१९१८)को मध्य समयमा भएका मानवताविरोधी नृशंश युद्धका कारण सृजित विभीषिकामा बन्धक बनेको विश्वसमुदाय र मानवताको ह्रासका कारण मानव मानसिकतामा सिर्जना भएको निराशा र मान्छे स्वघोषित रूपमा बन्धक बनेको परिस्थितिको मध्याह्न समय रहेको छ । प्रस्तुत कविताको रचना सन्दर्भगत स्थितिका आधारमा आम नागरिकले शिक्षा र स्वतन्त्रता प्राप्त गर्न नसकेको नेपाली सामाजिक वातावरण, विश्वयुद्धका कारण बन्धक बनेको अन्तर्राष्ट्रिय सामाजिक स्थिति, तथा प्रतिकूलताका बीच नेपाली शैक्षिक पृष्ठभूमि निर्माणका लागि अत्यल्प सामाजिक चेतना र राज्यको भूमिका अनुकूल बन्दै गएको परिवेशमा रचना भएको छ । कवि जीवनसम्बद्ध सन्दर्भलाई नियाल्दा उत्तरयुवावस्थामा रहेका कविको जीवनीमा भोगेका र अनुभूति गरेका घटनाक्रमभित्र खाएका हन्डर-ठक्कर, मिलन-वियोग, प्राप्ति-अप्राप्ति, नोकरी-बेरोजगारी, बन्धन-स्वतन्त्रता जस्ता अनेक वैयक्तिक सन्दर्भ र तिनले प्रभावित तुल्याएको मानसिक अवस्थाबोध कविताका माध्यमबाट प्रस्तुत भएको छ । आफ्नो सृजनात्मक प्रतिभा र खारिएको, माझिएको लोकपर्यवेक्षण र दीर्घ साधनाबाट सज्जित यस कवितामा पाठकले विभिन्न अर्थ र भाव परिलाउन सक्ने शब्द र अर्थसामर्थ्ययुक्त सृजनात्मक विशेषता रहेका छन् । प्रस्तुत कविता लेखनको मुख्य हेतु कवि पौडयालमा रहेको सहज प्रतिभा र प्रतिभा प्रस्फुटनका लागि सहयोगी हेतुका रूपमा व्युत्पत्ति र अभ्यास रहेका छन् । लेखनाथमा सहजात प्रतिभा रहेको विषय उनले किसोरावस्थादेखि नै कविता लेख्न थालेको तथा रानीपोखरी संस्कृत पाठशालामा भर्ना भई त्यहीं छात्रावासमा बसेर अध्ययन गर्ने क्रममा उनको कवि व्यक्तित्वले विकसित हुने अवसर प्राप्त गरेको सन्दर्भले पुष्टि गर्दछन् ।

### ४.१ कविताको प्रतिभापरक सिर्जनात्मक हेतु

पौडयालको प्रस्तुत कविता गोरखाशिक्षा भाग-३ (२०७३)मा प्रथमपटक प्रकाशित भई लालित्य भाग-१ सङ्ग्रहमा सङ्गृहीत भई पुनःप्रकाशित भएको कविता हो । नेपालमा शिक्षाको विकास र विस्तारसँगै नेपाली भाषाका पाठ्यपुस्तक निर्माण गरी बालबालिकालाई शिक्षा दिने प्रयोजनका लागि गोर्खा भाषा प्रकाशिनी समितिको अग्रसरतामा प्रकाशित यस कवितालाई अभिधाका तहमा बालकविताको स्थान प्राप्त रहेको छ भने अभिधावृत्तिबाट विस्तारित अर्थ प्रस्तुत गर्ने क्रममा विश्वविद्यालयको माथिल्लो श्रेणीका लागि व्यञ्जनाको स्तरसमेत प्राप्त रहेको छ । यी दुई दृष्टिकोणका आधारमा मात्र हेर्दा पनि कविता शक्तिशाली र उच्चश्रेणीको रहेको सहज पूर्वानुमान लगाउन सकिन्छ । कविता लेखनको सामाजिक साँस्कृतिक पृष्ठभूमिका रूपमा राणा शासनको मध्यम प्रहर वा उत्कर्षकाल चलिरहेको तथा उक्त समयमा नेपाली भाषा र साहित्यको पठनपाठन गरिनुपर्दछ भन्ने शासक समर्थित शैक्षिक अभियन्ता र सत्ताधारीहरूको मतैक्यता रहेकोले उसको लेखन र प्रकाशनको अवधि राणा शासनको उत्तकर्ष कालमा भएको हो । कवि पौडयालको पूर्वप्रौढावस्थाको चरण तथा कविता लेखनलाई नै औपचारिक आयु मान्दा तेह्रवर्षको काव्यसाधना गरिसकेको अनुभव, त्यतिनै वर्ष व्यक्तिगत जीवन, सामाजिक जीवन र कविजीवनका त्रिपक्षीय अन्तरसम्बन्धबाट प्राप्त ज्ञान, आफूले अध्ययन गरेका ज्ञानको परिष्करण र पारिभाषीकरणमा आएको वस्तुपरकता तथा सार्वजनिक जीवनका क्रममा प्राप्त गरेका विश्व राजनीति र सामाजिक अवस्थाको संज्ञानका साथै समकालीन र पूर्ववर्ती कविता अध्ययनबाट प्राप्त ज्ञानको विस्तारित प्रतिरूप यस कवितामा प्रस्तुत भएको छ । राणा शासनमा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको प्रतिबन्धका कारण प्रस्तुतिमा सरलता र व्यञ्जनाको गहिराईलाई सहज अभिधार्थप्रधान रचनामा प्रस्तुत गर्ने क्षमता प्रस्तुत गर्नसक्नु कविमा अवशिष्ट सृजनात्मक प्रतिभाका कारण सम्भव भएको हो ।

प्रथमतः *पिँजराको सुगा* कविताको सृजनात्मक हेतुका रूपमा कविमा अवशिष्ट प्रतिभा शक्तिशाली रहेका कारण कविता रचना सम्भव भएको छ । पूर्वीय काव्यचिन्तनमा प्रतिभापरक स्फूरण र पाश्चात्य काव्यचिन्तनमा कल्पनातत्वको निकट अभिवृत्तिका रूपमा कवि मानसिकतामा आउने परस्पर विरोधी द्वन्द्वात्मक भावको

समन्वयात्मक प्रस्तुति प्रतिभा पुष्टि गर्ने पहिलो प्रमाण रहेको छ । कविताको सृजना प्रतिभाका कारण सम्भव भएको हो भन्ने विषयको प्रमाणका रूपमा कविताका निम्न पङक्तिगुच्छलाई लिन सकिन्छ ।

बालक बबुरो द्विज सुकनामा
हूँ म परेको छू पिँजरामा
मकन हरे शिव शान्ति र चैन
सपना बीच पनि रतिभर छैन । (पौडयाल, २०७६ : ११७, श्लोक १)

यस उद्धरणमा कविको सृजनात्मक प्रतिभालाई पुष्टि गर्ने विषयको प्रस्तुति भएको छ । कवि कल्पनामा बाल्यकाल र प्रौढावस्थाको द्वन्द्वात्मक भावका रूपमा बाल्यकालीन चञ्चलाश्रीपूर्ण स्वतन्त्र, स्वच्छन्द, उदात्त, आनन्दायी उल्लासपूर्ण जीवन र कविको जीवनयात्राको पूर्वप्रौढावस्थासम्बद्ध जीवन यात्राका क्रममा अनुभव गरेका अभाव, दीनता, सङ्घर्ष, पारस्परिक अविश्वास, बन्धन, पारिवारिक दायित्व, वियोग, वेदना र आवश्यकताले सिर्जना गर्ने व्यवहारिक, पारिवारिक र सामाजिक दायित्वको तुलना/प्रतितुलना, अन्तर्द्वन्द्व, उद्विग्नताबीचको अन्तसङ्घर्षका बीच जीवनको बाल्यावस्था र प्रौढावस्थाका तुलनामा बाल्यावस्था नै प्रीतिकर, आनन्ददायी र सुरुचिपूर्ण रहेको समन्वयात्मक भावको प्रस्तुतीकरण यस उद्धरणमा भएको छ । कविले भावसम्प्रेषणका क्रममा कथ्यविषयको केन्द्रमा बालसुगालाई चयन गरी उक्त सुगाका माध्यमबाट जीवनको बाल्यावस्था र द्विज अर्थात् एक ब्राह्मणको जीवनका दुई भिन्न अवस्था (बाल्यकाल र प्रौढावस्था)को तुलना गरी बाल्यकाललाई जीवनको उत्कृष्ट प्राप्तिका रूपमा स्थापित गर्न स्फूरण र कल्पनातत्त्व प्रयोगमा जुन समन्वयात्मक र सन्तुलित अभिवृत्ति प्रस्तुत गरेका छन् त्यसले कविलाई प्रतिभाशाली कविको कोटिमा स्थापित गरेको छ ।

द्वितीयतः कवि पौडयाल साधनारत भइरहेको समय नेपालको सामाजिक/राजनीतिक इतिहासमा कालरात्रीको रूपमा गतिशील रहेको र उक्त समयसम्बद्ध राजनीतिक कालरात्रीको क्रूरता, दमन र सिङ्गो मानव समाजलाई प्रतिभा प्रस्तुतिका लागि चयन गरेको उपमेय/कथ्य बिम्बका माध्यमबाट वाच्यार्थमा प्रस्तुत गर्नसक्नु प्रतिभा सम्पन्न स्रष्टाबाट मात्र सम्भव हुने तथ्य सिद्ध रहेको छ । कविको प्रतिभालाई पुष्टि गर्ने प्रकृति प्रदत्त स्फूरण शक्तिको उदाहरणका रूपमा कविताको यस पङक्तिगुच्छलाई लिन सकिन्छ ।

कहिले ठण्डी कहिले धूप
कहिले बकबक कहिले चूप ।
बालकहरूको मनअनुसार
हुन्छ निरन्तर भाग्य-विचार ॥ (श्लोक १२)

सत्ताको सर्वोच्च स्थानमा बसेर हुकुमी शासनका भरमा मान्छेलाई पुरस्कृत र दण्डित गर्ने शासकको अभिवृत्ति कहिले कुन समयमा परिवर्तन हुन्छ भन्ने मेसो नपाउने वर्गको वर्चशव रहेको समाजमा बाँच्नका लागि सत्तापरस्त भई बोल्न र तत्काल तिनका अनाचारलाई देखेर पनि मौन रहन सक्ने दोहोरो र द्वन्द्वात्मक सामर्थ्यसिद्ध व्यक्तित्व निर्माण भएको व्यक्ति मात्र समाजमा अस्तित्वमा रहने गहन व्याङ्ग्यार्थलाई बाच्यार्थमा प्रस्तुत गरिएको यस पङक्तिगुच्छले स्फूरण शक्तिको उत्कृष्ट नमुना प्रस्तुत गरेको छ । समाजलाई इच्छाधारी कानुन निर्माण गरी बन्धक बनाएका सत्तासीनको जनविरोधी कृत्यलाई सहन गर्न विवश नेपाली समाजको वस्तुता र शासकको शासकीय प्रवृत्तिको भण्डाफोर गर्ने प्रस्तुत उद्धरण कविको प्रतिभापरक सिर्जनात्मक हेतुलाई पुष्टि गर्ने संरचनाका रूपमा रहेका छन् । सत्तासीनका विरुद्धमा विद्रोहका अनेकौं सम्भावना र त्यसका लागि सामर्थ्य भए पनि मानसिक संरचनामा रहेका विद्रोह र वास्तविकतालाई समन्वयात्मक रूपमा सामान्यीकरण गरी तत्कालीन समाज र शासकको वास्तविकता वाणीहीन पङ्क्षीका माध्यमबाट प्रस्तुत गर्न सक्ने सामर्थ्य एक सहजात प्रतिभाबाट मात्र सम्भव रहने तथ्य सिद्ध छ । कविको यस प्रस्तुत विषयका माध्यमबाट अप्रस्तुत अर्थयुक्त संरचनामा रूपान्तर गर्नका लागि कविप्रतिभासँगै व्युत्पत्ति र अभ्यासले पनि सहकारी भूमिका निर्वाह गरेका छन् । कविले प्राप्त गरेको

लोकपर्यवेक्षणसँगै शास्त्र र साहित्यको ज्ञानबाट प्राप्त सिद्धि र कविता लेखनको निरन्तरको साधनाबाट मात्र यसप्रकारको लक्ष्यार्थ प्रस्तुत गर्ने सामर्थ्य कविमा सृजना हुनपुगेको हो ।

तृतीयतः आफ्ना इच्छा, चाहना, कामना, आवश्यकता जस्ता विषयलाई परिहार गरी अर्काका लागि हाँस्नु, बोल्नु र बाँच्नु पर्ने बाध्यात्मक स्थितिबीचको द्वन्द्वात्मक भावको समन्वय र सहचार्यको सन्तुलित विन्यासका प्रतिभाका रूपमा अभिव्यञ्जित भएको छ । उपमेयका रूपमा एउटा बालक सुगा र उसको पिँजरा यात्रा माध्यमबाट तत्कालीन समाजको वास्तविकतालाई प्रकाश पार्ने कलात्मक अभिव्यक्तिको सामर्थ्य प्रतिभावान् स्रष्टाबाट मात्र सम्भव रहने गर्दछ । सहरी सभ्यतामा विकसित यान्त्रिक जीवनशैलीमा बन्दी बनेको मानव सभ्यताका साथै राणाकालीन समयमा सिङ्गो मानव समाज त्रासका कारण स्वघोषित रूपमा बन्धक बनेको विषयलाई उपमान अर्थात् कविताको सम्बोधक बालसुगाका कथनका माध्यमबाट प्रस्तुत गर्ने सामर्थ्य प्रतिभासम्पन्न स्रष्टाबाट मात्र सम्भव रहने देखिन्छ । सहरी सभ्यतामा स्वघोषित कैदमा बसेका मानिसका सानिध्यबाट कवि स्वयं कैदीसरह व्यक्तिगत र पारिवारिक संवेदनासमेत गुमाइसकेको तथा तत्कालीन राजनीतिक संयन्त्रबाट समग्र समाजलाई कैदी तुल्याइ मनोरञ्जन लिइरहेको सामाजिक स्थितिसम्बद्ध परस्पर विरोधी भावको द्वन्द्वात्मक स्थितिको समन्वयात्मक प्रस्तुतीकरण कविताको निम्न पङ्क्तिगुच्छमा भएको छ ।

मकन दिलाई सङ्कट जेल
मानिस गरने कौतुक खेल ।
यो कस्तो हो पापाचार !
दीनदयालू लाऊ ! पार । (श्लोक २१)

यस उद्धरणमा कविनिबद्ध कथनकर्ताको भूमिकामा रहेको सुगाका माध्यमबाट तत्कालीन समाजको राजनीतिक पर्यावरण र सामाजिक स्थितिको चित्रण गर्ने सन्दर्भमा कवि प्रतिभाको स्तर मापन गर्न सकिन्छ । मान्छे एकातिर आफ्नो स्वार्थमा लिप्त रही मान्छेमान्छेबीचको भिन्नतालाई छुटचाउन नसक्ने स्थितिबाट गुज्रिरहेको छ भने समाज मान्छेलाई बन्धक बनाइ आफ्नो स्वार्थ अनुरूप नचाउनका लागि अभ्यस्त बनेको छ । सामाजिक संरचना मान्छेबीचको पारस्परिक सम्बन्ध समाप्त भई एकको पीडामा हाँस्ने बानी परेको मान्छे अर्काका लागि निराकार बनेको छ । आफ्नो जीवनको प्रौढतातर्फको यात्रासँगै परिवारमा अर्धाङ्गिणी र जागिर दुवै गुमाएका कविको अन्तर्हृदयमा रहेको उत्तरयुवाकालीन रोदन र पिँजरामा थुनिएको बालसुगाको अन्तर्हृदयको पीडाबीच समानान्तर परिवेश निर्माण भएको छ । यसप्रकारका समानान्तर पीडाबोधका अनेकौं परिवेशले कवितालाई शक्तिशाली व्यञ्जनाको तहसम्म पुऱ्याएको छ भने यसप्रकारको काव्यिक प्राप्ति सहज प्रतिभाका कारण मात्र सम्भव हुने तथ्यसिद्ध रहेको छ । प्रस्तुत *पिँजराको सुगा* कविताका आधारमा कवि लेखनाथको मूल्याङ्कन गर्दा उनमा सहज प्रतिभा स्थापना गर्नका लागि अन्य सिर्जनात्मक हेतुका स्थानमा प्रतिभाको स्थान उच्च र सहजात रहेको छ । कविमा अवशिष्ट सहजात प्रतिभाका कारण प्रस्तुत कविता सामाजिक, मनोवैज्ञानिक, राजनीतिक र विश्वपरिवेश समेतलाई संश्लेषण गरी भावगत द्वन्द्वात्मकताअन्तर्गत आएका परस्परमा भिन्न विषयलाई सम्यक, सन्तुलित समन्वयात्मक ढाँचामा प्रस्तुत गरी सामान्यदेखि बौद्धिक पाठकसमेतका लागि ग्राह्य, पठनीय तथा समालोचक/अनुसन्धानकर्ताका लागि विश्लेषणीय सामग्री बन्न पुगेको छ । बालक सुगाको पीडामा कवि हृदय र पिँजराको परिवेशमा सिङ्गो नेपाली समाजसँगै विश्वपरिवेशको भाव संश्लेषण गरिएको प्रस्तुत कविता रचनाका क्रममा विषयवस्तुगत तथा संरचनागत विस्तारका लागि प्रतिभाका सहायक बनेर व्युत्पत्ति र अभ्यासले समानान्तर भूमिका खेलेका छन् ।

### ५.२ कविताको व्युत्पत्तिपरक सिर्जनात्मक हेतु

कवि पौडयालमा सहजात प्रतिभा रहेको र उक्त प्रतिभालाई स्थापित गर्न उनमा लोकपर्यवेक्षण गरी लोकमा अवशिष्ट रहेका विषयलाई परख गर्ने उत्सुकता र सामर्थ्य बाल्यकालदेखि नै रहेको देखिन्छ । आफ्नो

जन्मस्थान आसपासको सुन्दर प्राकृतिक परिवेशले कविको बाल र किसोर मानसिकतामा सृजना गरेको सुन्दरताप्रतिको कल्पनाका साथै अर्थात् लोकपर्यवेक्षणले प्रेरकको भूमिका निर्वाह गरेको छ। प्राकृतिक सुन्दरताबाट प्रेरित सहज कविहृदयलाई काव्यिक आकर्षण प्रदान गर्ने कारक अर्थात् व्युत्पत्तिका रूपमा पारिवारिक वातावरणमा दैनिक सञ्चालन हुने दैनिक नित्यपुजामा पठन/वाचन हुने वैदिक मन्त्रोच्चारण र स्तोत्र पाठ, घरायसी र गाउँघरमा सञ्चालित धार्मिक/साँस्कृतिक क्रियाकलाप, शास्त्रीय काव्यवाचन, पठन र ब्रह्मणोचित क्रियाकलापको प्रतिच्छाया यस कविताका प्रत्येक पङ्क्तिगुच्छमा मुखरित भएको छ । प्राकृतिक सुन्दरताको धनी कास्की जिल्लाको अर्घौंअर्चलेको प्राकृतिक र विद्वत् भूमिमा व्यक्तिगत र सामाजिक कार्यमा हुने क्रियाकलापले कविको विद्याप्रतिको आकर्षणसँगै बालमस्तिष्कमा साहित्यप्रति अनुरागको अभिबृद्धिले कविता सृजनाका लागि दीर्घतर आधार निर्माण गरेका छन्। घरायसी र सामाजिक वातावरणबाट प्राप्त ज्ञान र शास्त्रीय लयप्रतिको आकर्षण कविको युवावस्थादेखि कविजीवनको अन्त्यसम्म सम्पूर्ण उपलब्धिका रूपमा प्रतिभावान् काव्यसाधकमा रूपान्तिरित गर्ने काव्यहेतु भएका छन् । कविको साहित्य सृजनाप्रतिको आकर्षणलाई सशक्त तुल्याउन विद्या प्राप्तिप्रतिको झुकाव, विद्याध्ययन र लगनशीलताबाट प्राप्त पूर्वीय धर्म, दर्शन र सैद्धान्तिक ज्ञान, छात्राबासमा रहँदा देशविदेशका समाचारसँगको सानिध्य र साक्षात्कार जस्ता सन्दर्भले स्फूरण शक्तिलाई विषय र प्रस्तुतिगत कौशल स्तरीकरणतर्फ अभिमुख गराएका छन् । अध्ययनका क्रममा संस्कृत साहित्यको पठनबाट प्राप्त ज्ञानसँगै पूर्ववर्ती नेपाली साहित्यको अध्ययनबाट प्राप्त ज्ञानले नेपाली कविताको स्थिति र कस्ता सृजना स्तरीय हुन्छन् भन्ने विषयको संज्ञानलाई सहपाठीहरूको तिरस्कार, समर्थन र उदासीनतामिश्रित प्रतिक्रियाले मार्गनिर्देश गरेको छ भने प्रकाशनको व्यवस्थाले सृजनाका लागि प्रेरित गरेको छ । सहज प्रतिभा रहेका कवि लेखनाथमा शास्त्र र पूर्वसाहित्यको अध्ययन, देशविदेशका सामाजिक राजनीतिक परिघटनासहितको लोकपर्यवेक्षण तथा प्रकाशनको व्यवस्था र प्रकाशनमा पहुँच जस्ता विषयको सन्तुलित र समन्वयात्मक प्रस्तुति कविताका यस पङ्क्तिगुच्छमा अभिव्यञ्जित भएको छ ।

यो सब गगनैभरमा खास
जसका हुन्थे भोग-विलास
उसको अब हा !! जीवन-पात्र
केवल सानो पिँजरा मात्र । (श्लोक १०)

यस उद्धरणमा कवि पौडयालको लोकपर्यवेक्षण, शास्त्रज्ञान र पूर्वसाहित्यको गहन अध्ययनबाट प्राप्त विद्वत्ताको विशिष्ट समन्वय भएको छ। यस उद्धरणमा तीनप्रकारका व्यञ्जनाभाव प्रस्तुत हुनु कविको अध्ययनबाट प्राप्त ज्ञान र लोकपर्यवेक्षणपरक व्युत्पत्तिका कारण सम्भव हुने देखिन्छ। प्रथमतः यस उद्धरणमा मानव समाजको विकसित पर्यावरणमा राजनीतिक वातावरणले सिर्जना गरेको सङ्कुचित तथा मान्छेलाई बन्धक बनाइ आफ्ना जनविरोधी कार्यलाई आवरण दिने शासकको वृत्तिका कारण शून्य बनेको सामाजिक स्थितिको व्यञ्जनापरक प्रस्तुति भएको छ। एउटा बन्धनमा परेको सुगाका माध्यमबाट सम्प्रेषण गरिएको सन्देशका रूपमा आएको अप्रस्तुत अर्थले नेपाली समाजको अँध्यारो वास्तविकतालाई चित्रण गर्नुका साथै तत्कालीन शासकको आमनागरिकप्रतिको गैरजिम्मेवारीपूर्ण मनोवृत्ति र व्यवहारका कारण नेपाली समाज अन्धकारमा रहेको भावार्थलाई सूत्रात्मक रूपमा संश्लेषण गरेको छ । आमजनताको अवस्था कस्तो छ भन्ने आधारभूत विषयलाई अनुभूति गर्न नसकेका शासक तेरो र मेरो तथा तँ भन्दा म ठूलोको सङ्कीर्ण भावमा अलमलिएर आफ्नो गौरवशाली परम्परा र इतिहासलाई अन्त्य गर्ने दिशामा अग्रसर बनेकाप्रति कविको आक्रोश र घृणा यस उद्धरणमा अभिव्यञ्जित भएको छ । राजनीतिक रूपमा जहाँनिया राणाहरू परस्परमा लड्ने र आफ्नै वंश र भाइभाइबीच वैमनस्यता लिई भारदारी युद्धमा लिन भएको इतिहासको अभ्यन्तरलाई प्रकाशित गरेको यस पङ्क्तिगुच्छमा विश्वका महाशक्तिलाई युद्धमा पराजित गरेको नेपालीको शौर्यको इतिहास वर्तमानमा वंशहत्याको राजनीतिमा सीमित बनेको यथार्थप्रतिको कटाक्ष प्रतीयमान अर्थका रूपमा अभिव्यञ्जित रहेको छ ।

द्वितीयतः यस श्लोकमा मान्छे विवेकका कारण भूतलमा सर्वश्रेष्ठ प्राणीको स्थानमा रहे पनि मान्छेले ज्ञानको गहिराई बुझ्न नसकी नश्वरताको पुजारी बनेको व्यङ्ग्यार्थ चेतसँग सम्बन्धित रहेको छ। भोगको लिप्सामा रहेकाले मान्छेले परमार्थको बाटोबाट प्राप्त गर्ने अनन्य वैभवको सम्भावनालाई आफूबाट पृथक तुल्याएको छ। परमार्थका स्थानमा स्वार्थलाई मार्गनिर्देशक ठानी मान्छेले गरेको कार्यका कारण मान्छे आज आफूमा मात्र सीमित हुने अवस्थामा पुगेको छ । परमार्थबाट पृथक् हुनु मान्छेको सबैभन्दा ठूलो विवेकहीनता हो जसले मान्छेलाई परमतत्त्वसँग अलग्याइको छ। शरीरको आवश्यक सुख पाउने प्रयोजनमा मान्छे ब्रह्माण्डको स्वामी बन्ने स्थितिबाट विमुख भई एउटा नश्वर शरीरलाई अतिशय महत्त्व दिइरहेको छ। यसका अतिरिक्त नश्वरतालाई आफ्नो जन्मसँगै लिएर आएको मानुष जातिको मानसिक धरातलमा रहेको परमार्थ विरोधी कार्यले एकातिर आत्माको अमरतालाई मिथ्या ठानी जीवतत्त्व अर्थात् शरीर र शरीरपक्षसँग जोडिएका विषयसुख र मोहलाई महत्त्व दिँदा ब्रह्माण्डको मालिक हुने र त्यसको सुखभोग गर्ने अवसर गुमाइरहेको भौतिकता र आध्यात्मिकता बीचको चरम अन्तरद्वन्द्वात्मक दृष्टिकोण प्रस्तुत गर्ने यस श्लोकमा कविको व्युत्पत्तिपरक ज्ञान सशक्त रूपमा आएको छ भने यसप्रकारका व्यञ्जनाले कविमा सहज प्रतिभा र दीर्घसाधना रहेको विषयसमेतलाई पुष्टि गरेको छ । यसप्रकारको गहन व्यञ्जनाका तहमा विस्तारित भाव प्रस्तुतिका लागि व्युत्पत्ति काव्यहेतुका सबै प्रतिमानले प्रकार्यपरक भूमिका निर्वाह त गरेकै छ यसका अतिरिक्त कविको स्फूरण र कल्पनाशक्ति अर्थात् प्रतिभाको भूमिका पनि उत्तिकै सशक्त रहेको छ। एउटा पङ्क्तिगुच्छमा गहन र त्रिपक्षीय भावाभिव्यञ्जनाका साथै नेपाली समाजको वास्तविकतालाई संश्लेषित गर्न सक्ने सामर्थ्य निर्माणका लागि कविको निरन्तरको साधना अर्थात् अभ्यासले पनि उत्तिकै सशक्त भूमिका निर्वाह गरेको छ।

**५.३ कविताको अभ्यासपरक काव्यहेतुको प्रतिबिम्बन**

कविताप्रतिको कविको आकर्षण र सृजनाका लागि कविमा रहेको स्वतस्फूर्त प्रतिभा र देशविदेशका परिघटनासहितको लोकपर्यवेक्षण शास्त्र र साहित्यको ज्ञानलाई उच्चस्तरीय सृजना गर्ने कारकमा अभ्यासको पनि यत्तिकै सशक्त भूमिका रहेको छ। कविता रचनातर्फ आकर्षित भई लेखनारम्भ गरेका पौडचालको बाल्यकालीन कवित्वमा काका पितृप्रसादले कडा आलोचना गरेपछि मूर्छाएको तथा उक्त प्रतिभा किसोरावस्था र छात्राबासको बसाइसँगै पुनः सक्रिय भई पल्लवित हुनपुगेको छ। कविको कविताप्रतिको अनुराग बाल्यकालमा विकसित हुन नसके तापनि किसोरावस्थादेखिको निरन्तरको साधनासँगै छात्राबासमा रहेका सहपाठीहरूको तिरस्कार, प्रेरणा र नैराश्य तीनै प्रकारका अनुभूतिलाई आत्मसात गरी आफूमा बाल्यकालदेखि नै रहेको प्रातिभ र प्राकृत स्फूरणको निरन्तरताबाट अनुस्यूत भई काव्यिक संरचनामा रूपान्तरित भएका छन्। प्रस्तुत कवितामा कविको कवितालेखनको दीर्घसाधना र कविताप्रतिको सुझबुझपूर्ण कविव्यक्तित्व र कथनशैलीको निर्माणमा कविता लेखनको निरन्तर साधना र अभ्यास कारकका रूपमा रहेका छन् । यस कविताको सृजनापूर्व प्रकाशित कविताका रूपमा १९६१ सालदेखि औपचारिक भएका कविका अनेकौं कृतिले कविको निरन्तरको साधना र अभ्यासको शृङ्खलालाई पुष्टि गरेका छन् । यस अवधिमा *पाठशाला विशाला, शृङ्गारपच्चीसी, मानसाकर्षिणी, गोपिका चित्त लीने, नमान हारी, नीला भया चन्द्रमा, वियोगिनी विलाप, वैराग्यबल्ली, कवितारीति, माधवी कुसुमाञ्जलि, वर्षाविचार, लालित्य कवितासङ्ग्रह, बुद्धिविनोद, शोकप्रवाह, शिशुबोधिनी* भाग १ र २, *गोरखा शिक्षा*को पहिलो भाग जस्ता पत्रिका र पुस्तकाकार कृतिमा प्रकाशित फुटकर कविताका अतिरिक्त *ऋतुविचार, बुद्धिविनोद* र *शोकप्रवाह* जस्ता प्रबन्ध रीतियुक्त कविता/काव्य रचना र तिनमा अवशिष्ट परिष्करणपूर्ण प्रस्तुतिमा गरिएको पटकपटकको लेखन र पुनर्लेखनको दीर्घसाधनासँगै अध्ययन र स्वाध्यायनको प्रभाव सँगसँगै निरन्तरको साधनाले कविको सृजनात्मक अभ्यासलाई पुष्टि गरेका छन्। कविको अभ्यासपरक काव्यहेतुको पुष्टि यस कविताका सबै पङ्क्ति र पङ्क्तिगुच्छमा वितरित रहेका छन्। वाच्यार्थमा नै शक्तिशाली रहेको यस कवितामा लक्ष्यार्थ र व्यङ्ग्यार्थको अन्तर्यसम्म विस्तारित प्रतीयमान अर्थलाई विश्लेषण गर्न सकिने पर्याप्त आधार रहेका छन् । यस कवितामा प्रतिध्वनित बाह्यान्तरिक

कला र भावसौन्दर्यको चमत्कार पाइनु तथा कविताको संरचनात्मक विस्तारसँगै भावको अन्विति र संयोजनको कला कविताको दीर्घ कव्यसाधनाको परिणाम अथवा निरन्तरको साधनाबाट मात्र प्राप्त हुने देखिन्छ । सामान्यार्थमा शक्तिशाली रहेको यस पङ्क्तिगुच्छ कविको अभ्यासगत नैरन्तर्यको प्राप्तिका रूपमा रहेको छ ।

खानु छ खालि तौली धान
त्यो पनि आधा पेट छ जान
हेर्दछु भाँडो पानी छैन
भोगिरहेछु यस्तै चैन । (श्लोक, १५)

साङ्केतिक अर्थमा अर्काको आश्रयमा बसेका जीव वा मनुष्यले खटन खाएर बाँच्नुपर्ने स्थिति मुख्यार्थका रूपमा प्रतिफलित भएको यस पङ्क्तिगुच्छमा रहेको विषयपरक अर्थभन्दा पृथक् दुईप्रकारका विशिष्ट अर्थ रहेका छन् जसलाई प्रस्तुत गर्ने सामर्थ्य निरन्तरको साधनाबाट मात्र सम्भव हुने गर्दछ । यस श्लोकमा शब्दालङ्कारको प्रधानताअन्तर्गत श्लेष प्रतिफलित हुँदा तौली धानको सन्दर्भले श्लेषका माध्यमबाट लक्ष्यार्थ प्रस्तुत गरेको छ । जसमा पहिलो अर्थ, राणाहरूको कजाईं/आधीनमा परेको व्यक्तिले अर्काको खटनमा बाँच्नु पर्ने बाध्यता, अर्काले अड्कलेर दिएको खाएर जीविकोपार्जन गर्नेपर्ने अवस्था र राणाशासकको आधीन रहेर बाँच्नुपर्ने अवस्था जस्ता अर्थबोध गराएको छ भने दोस्रो अर्थ जुन परिवेशमा जीवन निर्वाह गरे पनि वर्तमान जीवन तौली धान (पहाडका बेंसी क्षत्रमा लगाइने बर्खे धान जुन उपेक्षित प्रजातिको र सम्पन्न समुदायले शवयात्रामा छर्नका लागि मात्र उपयोग गर्ने तथा कामदार, खेताला र माग्नेलाई दान दिन प्रयोग गरिने धान) अर्थात् सामन्तको उपेक्षालाई स्वीकार गरी जीवन निर्वाह गर्ने अर्थमा आरोपित भएको छ । यसप्रकारको निरन्तर अभ्यासका रूपमा उनको कविता साधनाले कवित्वमा प्रतिभा निर्माणका साथै कविको व्युत्पत्तिपरक ज्ञानलाई समेत परिष्करण गर्ने कार्य गरेको छ ।

लेखनाथमा सहज प्रतिभाका साथै लोकपर्यवेक्षणसहितको शास्त्र र साहित्यको गहन पठन र परख गर्ने क्षमतालाई साहित्य सृजनाका रूपमा प्रकाशित गर्न प्रतिभा र व्युत्पत्तिकै तुलनीय अभ्यासको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यस कविताका सन्दर्भमा प्रतिभा र व्युत्पत्तिजस्तै समान शक्तिशाली सिर्जनात्मक हेतुको भूमिका अभ्यासको पनि रहेको छ । कविता सृजनाका क्रममा काव्यिक भावविस्तारको आयाम र उक्त आयामलाई संसक्त भावपरिमण्डलमा जोड्ने सामर्थ्य, भावगत गहिराइमा रहेको नेपाली समाजको राजनीतिक र सामाजिक व्यवस्थालाई एउटा विशेषणमा सीमित गरी त्यसकै केन्द्रविन्दुमा राखेर प्रस्तुत गर्ने चातुर्यपूर्ण कला आदि पूर्वापर दुई हेतुकै समानान्तर अभ्यासलाई उभ्याउने कारक बन्नपुगेका छन् । कविकल्पना शक्ति, ज्ञान र अनुभवबाट प्राप्त सामग्रीलाई सहज तथा चातुर्यपूर्ण रूपमा सिर्जनाका माध्यमबाट अवतरण गराउनका लागि कविको सिर्जनाप्रतिको निष्ठा र निरन्तरको साधनाबाट मात्र संभव हुने विषयको सशक्त प्रमाणको रूपमा प्रस्तुत कविता आएको छ । कविजीवनको सृजनात्मक तीन दशकको अनुभव र उक्त अनुभवमा समावेश भएर आएका विविधतापूर्ण सृजनात्मक बान्की भएका फुटकर कविताका बीचमा संरचनागत आयाम विस्तारित भएको कविताका रूपमा यस कविताको रचना हुनुमा अभ्यासको निरन्तरता नै मुख्य कारक बनेको छ । यस कविताको रचनापूर्वका कैयौं फुटकर कविता मुक्तकाकार संरचनामा रहेको अवस्थामा यसको रचना विस्तारित, सन्तुलित र संसक्त भाव संयोजनसहित प्रस्तुत हुनुमा कविको दीर्घसाधना कारण बनेको छ भने यसका लागि कविप्रतिभा र व्युत्पत्तिको पनि भूमिका उत्तिकै शक्तिशाली रहेको छ । कविमा रहेको प्रतिभाका कारण परस्परमा विरोधी द्वन्द्वात्मक भावको स्फूरण तथा उक्त स्फूरणका लागि लोकपर्यवेक्षणको गहिरो ज्ञानसहित कविको दीर्घसाधनाको त्रिपक्षीय अन्वयबाट सम्भव भएको देखिन्छ । निष्कर्षतः कवि लेखनाथ पौड्याल सहजात प्रतिभा हुन् । उनको कविप्रतिभालाई गतिशील, विकसित र समृद्ध तुल्याउनका लागि पूर्वीय ज्ञान, दर्शन र साहित्यको गहिरो अध्ययनसँगै लोकपर्यवेक्षण मुख्य प्रेरक रहेको

देखिन्छ । सहज प्रतिभा र अध्ययनबाट प्राप्त गहन ज्ञानको संयोजन किसोरावस्थादेखिको निरन्तरको साधनासँग अन्तर्मिश्रण भई स्थापित कविव्यक्तित्व निर्माणको प्रमुख कारक सिद्ध भएका छन् ।

**५. निष्कर्ष**

सिर्जनात्मक हेतु (काव्यहेतु) स्रष्टा र सिर्जनाबीचको अन्तर्सम्बन्धका आधारमा सिर्जना हुनुको कारण खोज्ने पूर्वीय काव्यचिन्तनको एक प्रतिमान रहेको छ । साहित्यिक कृति सिर्जनाका कारकका रूपमा रहेको यस सिद्धान्तले सृजनात्मक कारण र यसको संज्ञानको क्षेत्रलाई परस्परमा जोडी कृति र कृति निर्माणको पृष्ठभूमिलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । आधुनिक नेपाली कविताका प्रवर्तक पौडयालको प्रस्तुत *पिँजराको सुगा* कविता स्रष्टाले सृजना गर्ने बाह्यान्तरिक कारणका रूपमा रहेको सिर्जनात्मक हेतुपरक प्रतिमानका आधारमा विश्लेषण, मूल्याङ्कन तथा मूल्यनिर्णयात्मक दृष्टिले अध्ययनीय सामग्री रहेको छ । साहित्य सृजनाका लागि स्रस्टा, सृजनात्मक ज्ञान र निरन्तर सृजनात्मक अभिवृत्तिलाई पूर्वीय काव्यचिन्तनमा प्रतिभा, व्युत्पत्ति र अभ्यास अर्थात् सिर्जनात्मक हेतुका रूपमा मूल्याङ्कन गर्ने परम्परा रहेको छ । मान्छेको मानसिकतामा रहने अन्तर्द्वन्द्वको तहमा आउने विविधतापूर्ण भाव/विचारलाई समन्वय गरी तिनका बीचबाट सम्यक र आह्लादपूर्ण भाव सम्प्रेषण गर्न सक्ने प्रज्ञा वा मेधालाई प्रतिभाको स्थान प्राप्त छ । बिना कल्पना साहित्यको सृजना नहुने तथा त्यसका लागि मानसिक संरचनामा अवशिष्ट एकअर्कामा विरोधी भावलाई नियन्त्रित, सन्तुलित समन्वयात्मक र क्रियाशील रूपमा प्रस्तुत गर्नसक्ने सामर्थ्य अवशिष्ट स्रष्टाबाट नै उच्चस्तरको कलात्मक अभिव्यक्ति हुनसक्ने भएकाले प्रतिभा बिना साहित्यको सृजना असम्भव रहने देखिन्छ । कलात्मक र स्तरीय साहित्य सृजनाका लागि स्रष्टामा प्रतिभापरक स्फूरणको आवश्यकता अनिवार्य घटकक रूपमा रहेको विषय हो भने यसलाई थप सुरुचिपूर्ण, आह्लादकारी, कलात्मक र स्तरीय तुल्याउनका लागि व्युत्पत्ति र अभ्यास सहायक तत्त्वका रूपमा रहेका छन् । स्रष्टामा व्युत्पत्ति निर्माणका लागि स्रष्टा बाँचेको परिवेशमा रहेका साहित्यको अध्ययनबाट आफ्नो समयमा रहेका साहित्यिक प्राप्तिका सबलता, दुर्बलता प्रवृत्ति र सृजनात्मक भावप्रवाहको दिशाबोध गरी आफ्नो सम्प्रेषण कला र अभिव्यक्तिको स्तरलाई सशक्त तुल्याउनका लागि सहयोगी सिद्ध हुने देखिन्छ । कलात्मक भाषिक कथन वा उक्तिका रूपमा प्रस्तुत हुने संरचना साहित्यका रूपमा जगत्ले प्राप्त गर्ने गर्दछ । समानान्तर पीडाबोधका अनेकौं परिवेश अन्तर्गुम्फन भएको 'पिँजराको सुगा' कविता शक्तिशाली व्यञ्जनाको अन्तर्तहसम्म विस्तारित बनेको छ भने यसप्रकारको काव्यिक प्राप्ति सहज प्रतिभाका कारण मात्र सम्भव हुने तथ्यसिद्ध रहेको छ । प्रस्तुत कविताका आधारमा कवि लेखनाथको मूल्याङ्कन गर्दा अन्य सिर्जनात्मक हेतुका स्थानमा प्रतिभाको स्थान उच्च र सहजात रहेको छ । यही सहजात प्रतिभाका कारण प्रस्तुत कविता सामाजिक, मनोवैज्ञानिक, राजनीतिक र विश्वपरिवेशसमेतलाई संश्लेषण गरी भावगत द्वन्द्वात्मकताका अनेकौं विषयलाई सम्यक र सन्तुलित ढाँचामा प्रस्तुत गरी अति सामान्यदेखि बौद्धिक पाठकसमेतका लागि ग्राह्य, पठनीय तथा समालोचक/अनुसन्धानकर्ताका लागि विश्लेषणीय सामग्री बन्न पुगेको छ । बालक सुगाको पीडामा कवि हृदय र पिँजराको परिवेशमा सिङ्गो नेपाली समाजसँगै विश्वपरिवेशको समेत भावसंश्लेषण गरिएको प्रस्तुत कविता रचनाका क्रममा विषयवस्तुगत तथा संरचनागत विस्तारका लागि प्रतिभाको सहायक बनेर व्युत्पत्ति र अभ्यासले समानान्तर भूमिका खेलेका छन् । प्रस्तुत कविताका सन्दर्भमा कविमा रहेको सहजात प्रतिभा, शास्त्र र साहित्यको गहन पठन र परख गर्ने क्षमतालाई साहित्य सृजनाका रूपमा प्रकाशित गर्न प्रतिभा र व्युत्पत्तिकै तुलनीय अभ्यासको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । कविमा रहेको प्रतिभाका कारण परस्परमा विरोधी द्वन्द्वात्मक भावको स्फूरण तथा उक्त स्फूरणका लागि लोकपर्यवेक्षणको गहिरो ज्ञानसहित कविको दीर्घसाधनाको त्रिपक्षीय अन्वयबाट कविता रचना सम्भव भएको देखिन्छ । सारतः व्युत्पत्तिपरक अध्ययन र लोकपर्यवेक्षणको सूक्ष्मस्थूल प्रस्तुततीकरणका साथ काव्यसाधनाको दीर्घतर साधनासमेतबाट स्थापित भएको सहजात कविप्रतिभा रहेका पौडयालको प्रस्तुत कविता प्रतिभापरक काव्यहेतु प्रतिफलित भएको छ । प्रस्तुत कवितामा बाल्यकालीन प्राकृत जीवनको स्वर्गीय आनन्दका अन्तरसाक्ष्यमा युवा र प्रौढावस्थाको जीवनका अभावले

सृजना गरेको विषमस्थितिभन्दा कयौं गुणा बढी प्रीतिकर र सुरुचिपूर्ण र आनन्ददायी रहेको द्वन्द्वात्मक अवस्थाको सन्तुलित र सम्यक प्रस्तुति भएको कविताका स्थानमा उभ्याएको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय साहित्यसिद्धान्त.* (दोस्रो संस्क.), साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद. (२०४५). *पूर्वीय साहित्यसिद्धान्त.* (दोस्रो संस्क.), साझा प्रकाशन ।

एटम, नेत्र. सम्पा. (२०७४). *संक्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान २०७४ ।

त्रिपाठी, वासुदेव. (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१.* (छैटौं संस्क.) साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव. (२०३४) *लेखनाथको कवित्वको विश्लेषण र मूल्याङ्कन.* त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

त्रिपाठी, वासुदेव. (२०४५). *महाकवि देवकोटा र उनका महाकाव्य.* (भूमिका खण्ड). लेखक कुमारबहादुर जोशी ( दोस्रो संस्क.), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव. दैवज्ञराज न्यौपाने र केशवप्रसाद सुवेदी. सम्पा. (२०४६). *नेपाली कविता* भाग-४. साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५४)."काव्य". *सहित्यकोश.* ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), नेपाल प्रज्ञाप्रतिष्ठान ।

थापा, मोहनहिमांशु. (२०६६). *साहित्य परिचय.* (पाँचौं संस्क.), साझा प्रकाशन ।

पौडयाल, लेखनाथ. (२०७६). लालित्य भाग -१. (एघारौं संस्क.), साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ. (२०२८). *साहित्य प्रदीप.* दोस्रो संस्क. पुस्तक संसार ।

सुवेदी, हंसपुरे. (२०५४). 'काव्यहेतु' *सहित्यकोश.* ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), नेपाल प्रज्ञाप्रतिष्ठान ।